महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सिलीचोङ गाउँपालिका

संखुवासभा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
सिलीचोङ गाउँपालिका
संखुवासभा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सिलीचोङ गाउँपालिका

संखुवासभा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १६५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

कैफियतसहितको राय

हामीले सिलीचोङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ८३ लाख ८६ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५४ लाख ५ हजार, र नियमित गर्नुपर्ने रु २७ लाख ६७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३ करोड १० लाख १४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु ८४ लाख ७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

सिलीचोङ गाउँपालिका, संखुवासभा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५०	१५	१८३८६	०	०	०	५०	१५	१८३८६	२१४	२७६७	१५४०५	०	०	१८१७२	०

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	पालिका	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	सिलीचोङ गाउँपालिका	८४०७	०	९७२	७४३५	०	१८३८६	२५८२१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : **सिलीचोङ गाउँपालिका, संखुवासभा**

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Ram Raj Poudel	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	भोलामान राई	२०७८-९-१५	हाल सम्म कार्यरत
		बेरुजु रकम	१८,३८५,८७३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,२४,६१,३७२.०७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८,०२,४०,०००	**चालु खर्च**	२४,४५,९८,५११
प्रदेश सरकारबाट अनुदान	१,४५,०७,०००	**पूँजीगत खर्च**	११,३८,५२,८१२
राजश्व बाँडफाँट	६,४४,७०,२३२.७५	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	२२,४७,६६१		
अन्य आय	५,००,७४,१४४.९		
कुल आय	४१,१५,३९,०३८.६५	**कुल खर्च**	३५,८४,५१,३२३
	बाँकी मौज्दात	९,५५,४९,०८७.७२	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास, लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध, सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका अन्तर्गत ५ वडा र २९ सभा सदस्य रहेका छन्। यो गाउँपालिकाको २९३.२६ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या १२१७४ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तीय प्रतिवेदन
<table>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्रासी (क+ख)</td><td></td><td>३९६२११००७</td><td>३६६६९६८६३</td><td></td><td>४११५३९०३९</td><td>३०८८१९५६३</td><td></td><td>३०८८१९५६३</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>३८७३८३०००</td><td>३६२८०६३७९</td><td>०.</td><td>३६२८०६३७९</td><td>२९५८५९८०२</td><td>०</td><td>२९५८५९८०२</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७३४८८१४०</td><td>६५५३७५५५</td><td>०.</td><td>६५५३७५५५</td><td>५६०५६१७४.३९</td><td>०</td><td>५६०५६१७४</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३१२३८५०००</td><td>२९५८६५६३५</td><td>०.</td><td>२९५८६५६३५</td><td>२३८०६५८८८</td><td>०</td><td>२३८०६५८८८</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>२९१५४४०००</td><td>२८०२४००००</td><td>०.</td><td>२८०२४००००</td><td>२१८१४९९३८</td><td>०</td><td>२१८१४९९३८</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

प्रदेश सरकार	१२	१९३५३०००	१४५०७०००	०.	१४५०७०००	१६५६५१८१	०	१६५६५१८१
अन्तरिक श्रोत		१४८८०००	१११८६३५	०.	१११८६३५	३३५०७६९	०	३३५०७६९
१४००० अन्य राजस्व		१४५९८६०	११८०३३९	०.	११८०३३९	१४२०५८९.८१	०	१४२०५९०
१५००० विविध प्राप्ति		५०,०००	२२२८५०	०.	२२२८४९.९	३१७१५०	०	३१७१५०
ख. अन्य प्राप्ति		८८२८००७	३८९०४८४		४८७३२६६०	१२९५९७६१		१२९५९७६१
वितरण गर्न बाकी राजस्व		०	०	०.	०	०	०	०
कोषहरु		८८२८००७	२९१९२८४	०	२९१९२८४	१०९४३४१४	०	१०९४३४१४
धरौटी		०	९७१२००	०	९७१२००	२०१६३४७	०	२०१६३४७
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	४४८४२१७६	०	०	०
भुक्तानी (ग+घ)		४३७१५६०३२	३१३६०९१४७		३५८४५१३२३	३२०२०७१५७		३२०२०७१५७
ग. भुक्तानी (सञ्चित कोषबाट)		४२८३२८०२५	३१०६७१८३६		३१०६७१८३६	३१२१८३०२७		३१२१८३०२७
२१००० पारिश्रमिक / सुविधा	१८	११४४४००००	९९६९१८९१	०	९९६९१८९१	८९३२६८४२	०	८९३२६८४२
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१०८९२६१९४	८३०२१३८८	०	८३०२१३८८	६४५२०४७४	०	६४५२०४७४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२५००० सहायता (Subsidy)	१८	४५२२०००	३९२०२२१	०	३९२०२२१	५०००००	०	५०००००
२७००० सामाजिक सुरक्षा	१८	१३७०९०७०	९२८३८८८	०	९२८३८८८	८४५४०४६	०	८४५४०४६
२८००० अन्य खर्च	१८	१६५००००	९०१६३६	०	९०१६३६	९४७९६५	०	९४७९६५
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१८५०८०७६१	११३८५२८१२	०	११३८५२८१२	१४८४३३७००	०	१४८४३३७००
घ. अन्य भूक्तानी		८८२८००७	२९३७३११		४७७७९४८७	३२०२०७१५७		३२०२०७१५७
कोषहरु		८८२८००७	२६६८९७०	०	२६६८९७०	८०२४१३०	०	८०२४१३०
धरौटी		०	२७१०००	०	२७१०००	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	४४८४२१७६	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-२,६५९		-२,६५९			
ङ. यो वर्षको बचत (न्युन)		-४०९४५०२५	५३०८७७१६		५३०८७७१६	-११३८७५९४		-११३८७५९४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४२४६१३७२		४२४६१३७२	५६९९८६३१		५६९९८६३१
वर्षान्तको बाकी रकम (ङ + च)		-४०९४५०२५	९५५४९०८८		९५५४९०८८	४५६११०३७		४५६११०३७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>९५५४९०८८</td><td></td><td>९५५४९०८८</td><td>४५६११०३७</td><td></td><td>४५६११०३७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली
लेखापरीक्षणको क्रममा कार्यक्रम खर्च वढी भुक्तानी रु ३०५४०/- असुल गरी दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>हिसाव मिलान
कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२) तयार गरी वित्तीय प्रतिवेदन साथ राखु पर्ने व्यवस्था गरेको छ । तर निम्न अनुसारको कोषहरुमा श्रेष्तामा भन्दा वैंकमा निम्नअनुसारको रु ६८३७४६ बढी रकम देखिएमा हिसाव मिलान विवरण तयार गरेको देखिएन। पालिकाले कोषहरु र वैंक खाता हिसाव मिलान गर्नुपर्ने देखिन्छ।
<table>
<tr><td>खाताको प्रकार</td><td>खाता अनुसार बाकी रु</td><td>बैंक अनुसार बाकी रु</td><td>फरक</td></tr>
<tr><td>ग ३.१ स्धानीय तह धरौटी खाता</td><td>२७१६५४७</td><td>२७१६५४७</td><td>०</td></tr>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>९२०१५३७६.७२</td><td>९२०१५३७६.७२</td><td>०</td></tr>
<tr><td>ग ५.१ स्थानीय तह विविध कोष खाता</td><td>४५,८७२</td><td>४५८७२</td><td>०</td></tr>
<tr><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>२०४४४२</td><td>५००१८८</td><td>-२९५७४६</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>पुँजिगत खर्च खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>०</td><td>३८८०००</td><td>-३८८०००</td></tr>
<tr><td></td><td>९४९८२२३८</td><td>९५६६५९८४</td><td>-६८३७४६</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**सुत्रको प्रयोगः** स्थानीय तहमा Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्ट नहुँदा सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्रासि तथा भुक्तानी समेटेको देखिएन ।	
६			**आन्तरिक नियन्त्रण प्रणाली**	
६.१			आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था गरेकोमा निम्न अनुसार देखियो। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । वजेट व्यवस्थापनतर्फ • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन। • स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन । • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन। • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको, भ्रमण खर्च व्यवस्थापनतर्फ	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको देखिएन। • नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन। खरिद व्यवस्थापन तर्फ • स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन। • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन। • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो। • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन गरेको देखिएन। शिक्षातर्फ • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । • शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन । • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेकोदेखिएन। • संस्थागत विद्यालयहरूको दर्ता, नविकरणशुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको, विविध तर्फ	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन। •कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । •कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको •विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । •म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायकाम. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको •मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन। •स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाको आर्थिक वर्ष २०७८।७९ कोआन्तरिक लेखापरीक्षण गराएको देखिएन। कानुनमा भएको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।	
६.२			**बेरुजु लगतः** म. ले. प. फाराम म. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन।	
६.३			**सूचना प्रविधी पद्दतिः** सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.४			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे ता पनि अद्यावधिक राखेको देखिएन।	
६.५			म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन।	
७			**खरिद तथा ठेक्का अभिलेखः** ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ । तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ वमोजिमको लगत राखेको देखिएन।	
८			**बजेट तथा कार्यक्रम**	
८.१			**क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (तालिका तल) कुल विनियोजित वजेटको ७२.५३ प्रतिशत खर्च भएको देखिन्छ ।	

क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)	मौज्दात
आर्थिक विकास	१५०४६०००	९०४६११२	६०.१२	५९९९८८८
सामाजिक विकास	२४२३१००२०	१९३०७३५४५	७९.६८	४९२३६४७५
पूर्वाधार विकास	१२००५२००१.०७	६८३२९२४४	५६.९२	५१७२२७५७.०७
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४४७४०००	३९४३९६०	८८.१५	५३००४०
कार्यालय सञ्चालन तथा प्रशासनिक	४६४४६००४	३६२७८९७५	७८.११	१०१६७०२९
कुल जम्मा	४२८३२८०२५.०७	३१०६७१८३६	७२.५३	११७६५६१८९.०७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । तर पालिकामा यस सम्वन्धमा समितिको वैठक वसेको देखिएन।</td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>विनियोजित रकम</th></tr>
<tr><td>१</td><td>रु. १ लाख भन्दा कमको योजना</td><td>३४</td><td>२१६०</td></tr>
<tr><td>२</td><td>रु. १ लाख १ देखि ५ लाख सम्मका योजना</td><td>९८</td><td>३२४००</td></tr>
<tr><td>३</td><td>रु. ५ लाख देखि १० लाख सम्मका योजना</td><td>२९</td><td>२५१००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२७</td><td>५९८२०</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>७</td><td>६५६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९५</td><td>१८५०८०</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.४			कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु व्यवस्था गरेको छ। पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने देखिन्छ ।	
८.५			**स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
९		२०७९-६-४	**विद्यालय अनुगमन** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पर्‍याउनुपर्ने देखिन्छ ।	
१०			**कानुन निर्माण र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, २ वटा नियमावली, २१ कार्यविधि तथा निर्देशिकाहरु जम्मा २८ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले १२ वटा कानून वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरेको छ भने बाँकी १६ वटा कानूनहरु राजपत्रमा उल्लेख गरेको देखिएन । सबै कानूनहरु स्वीकृत भएपछि राजपत्रमा उल्लखे गरेरमात्र कार्यान्वयनमा ल्याउनुपर्दछ ।.	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष न्यायिक समितिमा उजुरी दर्ता नभएको विवरण उपलब्ध गराएको छ ।	
१२			**संगठन तथा कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत सहित २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र अनावश्यक पदहरुमा नियुक्ति दिँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१३			**करार कार्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी करार पदमा ७१ जना कर्मचारीहरु करारमा राखी रु. २१९७१५३६ /- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको इन्जिनियर, सव इन्जिनियर(पाँचौ तह) असिस्टेण्ड सव इन्जिनियर र सहायक कम्प्युटर अपरेट पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २७६६७९०/- भुक्तानी गरेको अनियमित देखिएको रु.	२,७६६,७९०
१४			**तलवी प्रतिवेदन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा रु . ८५८९६०७/- खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>अवकाश कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कोभिड-१९ विरुद्धको खोपः गाउँपालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण गरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप १०७९९ डोज उपयोग भएको देखिएको छ ।
<table>
<tr><td>क्र.स</td><td>खोपको प्रकार</td><td>प्राप्त भएको डोज</td><td>प्रयोग भएको डोज</td><td>फिर्ता भएको</td></tr>
<tr><td>१</td><td>कोभिसिल्ड</td><td>९४०</td><td>७५०</td><td>१९०</td></tr>
<tr><td>२</td><td>भेरोसिल</td><td>५४९०</td><td>५१६५</td><td>३२५</td></tr>
<tr><td>३</td><td>एस्ट्राजेनिका</td><td>३६९०</td><td>३६९०</td><td>०</td></tr>
<tr><td>४</td><td>मोडोर्ना</td><td>११२०</td><td>११००</td><td>२०</td></tr>
<tr><td>५</td><td>जे एण्ड जे</td><td>१०४</td><td>९४</td><td>१०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कोभिड-१९ रोकथान सम्बन्धी खर्चः आ.व. २०७८।७९ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको प्रकोप व्यवस्थापन कोषबाट अस्थायी कोभिड अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको तलव भत्ता वापत रु. १९७४००।- खर्च गरेको पाइयो ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथाअन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।	

क्र.स.	विवरण	निवेदन संख्या	सिफारिस संख्या	कैफियत
१	नागरिकता सिफारिस	२७८	२७८	
२	नाता प्रमाणित	४८	४८	
३	जन्म , मृत्यू, बसाइसराई तथा विवाह दर्ता	६५७	६५७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**सम्पत्ति उपयोग र संरक्षण**	
१९.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन।	
१९.२			पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन।	
१९.३			कार्यालय प्रमुखले यस नियावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए वमोजिम लिलाम मर्मत गरेको देखिएन।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कार्यसम्पादन जमानत
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर उल्लेखित १२ वटा निर्माण कार्यको विमा तथा कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।
<table>
<tr><th>ठेक्का नं</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायीको नाम र ठेगाना</th><th>कार्य सम्पादन जमानत रकम</th><th>म्याद सकिने मिति</th><th>काम समाप्त गर्नुपर्ने मिति</th><th>कार्य सम्पन्न भएको मिति</th><th>लागत अनुमान रकम</th><th>सम्झौता रकम</th></tr>
<tr><td>04-078.79</td><td>पशुसेवा स्तरोन्नति निर्माण योजना</td><td>निरउने कन्स्ट्रक्सन एण्ड सप्प्लायेर्स</td><td>६८०००</td><td>१२-२५-२०७९</td><td>०३-१०-२०७९</td><td>०३-०८-२०७९</td><td>१३९८३९७.३३</td><td>१३५६७३६.४८</td></tr>
<tr><td>05-078.79</td><td>नागिटार सार्बजनिक शौचालय निर्माण योजना</td><td>निरउने कन्स्ट्रक्सन एण्ड सप्प्लायेर्स</td><td>३९०००</td><td>१२-२५-२०७९</td><td>०३-०९-२०७९</td><td>०३-०९-२०७९</td><td>७९८२३४.४६</td><td>७७८३९१.१३</td></tr>
<tr><td>08-078-79</td><td>दाङवुवा खोला झो.पु. निर्माण</td><td>सफे स्टील प्रा.ली.खैरहनी न.पा. चितवन</td><td>४९०००</td><td>०३-१५-२०८०</td><td>०३-२५-२०७९</td><td>०३-२५-२०७९</td><td>१०१२४२३.१</td><td>९७९६३८.११</td></tr>
<tr><td>09-078-79</td><td>पिखुवा खोला झो.पु. निर्माण योजना</td><td>"</td><td>४७५००</td><td>०३-१५-२०८०</td><td>०३-२५-२०७९</td><td>२०७९..०३.२५</td><td>९७६०२८.०८</td><td>९४७२५५.२२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>10-078-79</td><td>दाङखा खोला झो.पु. निर्माण</td><td>"</td><td>६६०००</td><td>०३-१५-२०८०</td><td>०३-२५-२०७९</td><td>२०७९..०३.२५</td><td>१३६१६७१.१४</td><td>१३११०१२.२३</td></tr>
<tr><td>11-078-79</td><td>इभाङ खोला झो.पु. निर्माण योजना</td><td>"</td><td>८१०००</td><td>०३-१५-२०८०</td><td>०३-२५-२०७९</td><td>०३-२५-२०७९</td><td>१६७९७२६.४३</td><td>१६१५७३५.६९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
परार्मश खर्च
डिपिआर खर्चः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार रु. ४६८५०००/- कार्य परामर्शदाताबाट गराई खर्च गरको छ ।
<table>
<tr><th>परार्मशदाताको नाम</th><th>योजनाको नामःकामको विवरण</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययन निर्धारण भएको आयोजनाको लगत</th><th>कैफियत</th></tr>
<tr><td>सेभ द ल्पानेट प्रा.लि.</td><td>सिसुवा खोला मोटरेबल पुल निर्माण योजना</td><td>१५०१९८२</td><td>१२९५०००</td><td>५८५७३९९६</td><td>कार्यान्वयन सुरु नभएको</td></tr>
<tr><td>स्ट्रक्चरल डिजाइन सोलुसन प्रा.लि.</td><td>५ शैया अस्पताल</td><td>८८४५५२</td><td>८२५०००</td><td>१०५३३३८२०</td><td></td></tr>
<tr><td>आरम्भ ईन्जिनियरीङ कन्सल्टेन्सी प्रा.ली</td><td>संखुवाखोला दोभान मोटरेबल पुल निर्माण योजना</td><td>१४८७५००</td><td>१३०५०००</td><td>७८९९०४९४</td><td>कार्यान्वयन सुरु नभएको</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>इष्ट्रर्न इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि.</td><td>संखुवाखोला सडक मोटरेबल पुल निर्माण योजना</td><td>१४९९५७३</td><td>१२६००००</td><td>९९३७८०५८</td><td>कार्यान्वयन सुरु नभएको</td></tr></table>विस्तृत परियोजना सर्भेक्षण गरेका आयोजनाको अध्ययन प्रतिवेदन प्राप्त गरे पस्चात उल्लेखित आयोजनाहरु कार्यान्वयन अगाडी वढाएको समेत देखिएन।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>उपभोक्ता समितिको कार्य</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माणकार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले उपभोक्ता समिति मार्फत विरुवा सिंचाई निर्माण योजनाकोलागि ४७०० मिटर सिंचाई पाईप रु ७०७९६१ रकममा खरिद गरेको छ। जसमा पालिकाले रु १०७९६१ तथा पालिकाको तर्फवाट रु ६००००० भुक्तानी गरेको छ। उक्त पाईप २ नं वडा कार्यालयमा दाखिला गरेको जनाएको छ। उक्त पाईप सम्वन्धित योजनामा जडान हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन नियमावली २०६४ नियम ७ मा उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्नेछ र आफूले गरेका काम कारवाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकिएको अवधिभित्र सामाजिक लेखा परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिका अन्तर्गत संचालित योजनाको प्रत्येक किस्ताको खर्च सार्वजनिक स्थानमा टाँस गरेको देखिएन। सार्वजनिक परीक्षण फारम पुर्णरुपमा नभरिकन सार्वजनिक परीक्षणमा सहभागीता गराएको देखियो।</td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td>२०७९-६-६</td><td>हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

भुक्तानी पाउने	लागत अनुमान	वास्तविक काम	भुक्तानी रकम	फर्मको नाम	मेसिन प्रयोग वापतको भुक्तानी
रमिते चित्रे सडक निर्माण योजना उपभोक्ता समिति	५३१२७३०	२९७०२०४	२२१९५५१	कुलुपोङ्गो निर्माण सेवा	११६९०१४
दुधेटार लकुवा गोपेनी वायेङ सिन्तुप सडक निर्माण योजना	२३८३७१३	२३७९५३०	१९५३५२४	देउराली निर्माण सेवा	१७४६५३७
पांतिमा सडक देखि लुम्दिया मेत्कुवा पवा कोल्वा सडक निर्माण योजना	१७७०४८४	१७७०४८४	१४६६८९४	मिमोसा निर्माण सेवा प्रालि	१३२८२७९
लेगुवा बैरेनी सम्म सडक निर्माण योजना उपभोक्ता समिती	११८०७८५	११८१३३९	९७८१३१	कुलुपोङ्गो निर्माण सेवा	८१०१७९
खौवा बेसी देखि तम्बेखौवा बेसी देखि तम्बे सडक निर्माण योजना सडक निर्माण योजना	११७८९६९	९३६३९१	७३९३३१	कुलुपोङ्गो निर्माण सेवा	५६६३८९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बातेम्माबातेम्मा खाम्खु तम्बे सम्म सडक निर्माण योजना खाम्खु तम्बे सम्म सडक निर्माण योजना</td><td>९०१२५८</td><td>८९६९९०</td><td>७२६१५१</td><td>उलेनि कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि</td><td>१६६९६४</td></tr>
<tr><td>पेलुम्बाटार सडक निर्माण योजना उपभोक्ता समिती</td><td>५९३६४८</td><td>४४९५८६</td><td>३४६३७५</td><td>कुलुपोङ्गो निर्माण सेवा</td><td>४००९०५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बैठक भत्ताः
पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु १५,५५,३००खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्
· पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।
· बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।
· बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको ।
· विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।
तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td>२४३</td><td>२०७९-३-२५</td><td>पदाधिकारीको सेवासुविधा बढी भुक्तानी :
प्रदेश नं १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३मा स्थानीय पदाधिकारी सदस्य सभाका सदस्यहरुले अनुसूची १ मा उल्लेख भए वमोजिम सेवा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीको जेष्ठ महिनाको सेवा सुविधा भुक्तानी गर्दा नयाँ निर्वाचित पदाधिकारीहरु जेष्ठ ६ गते वाट आफ्नो कार्यकाल सुरुवात गरेको अवस्था छ । पालिकाले जेष्ठ महिनाको सेवा सुविधा भुक्तानी गर्दा पुरा महिनाको रु ३०९००० भुक्तानी गरेको देखिएको छ। निम्न पदाधिकारीहरुको ५ दिनको हुन आउने बढी सेवासुविधा सम्वन्धित जनप्रतिनिधिहरु वाट असुल हुनु पर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>पदाधिकारीको नाम</th><th>पद</th><th>भुक्तानी भएको रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>बढी भुक्तानी भएको रकम कर वाहेक</th></tr>
</table>
</td><td>५१०२०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१	भुपाल राज राई	गा.पा.अध्यक्ष	३४०००	२८३३५	५६१०
२	देविता राई	गा.पा.उपाध्यक्ष	३००००	२५०००	४९५०
३	सन्तोष राई	का.पा.सदस्य	१००००	८३३५	१६५०
४	सागर राई	का.पा.सदस्य	१००००	८३३५	१६५०
५	गणेश राई	वडा अध्यक्ष	१६०००	१३३३५	२६४०
६	हेमराज राई	वडा सदस्य	७५००	६२५०	१२४०
७	मणि कुमार राई	वडा सदस्य	७५००	६२५०	१२४०
८	इना विश्वकर्मा	वडा सदस्य	७५००	६२५०	१२४०
९	मोहन शम्सेर राई	वडा अध्यक्ष	१६०००	१३३३५	२६४०
१०	बुद्रोस राई	वडा सदस्य	७५००	६२५०	१२४०
११	पहल मान राई	वडा सदस्य	७५००	६२५०	१२४०
१२	मुना विश्वकर्मा	वडा सदस्य	७५००	६२५०	१२४०
१३	मन कुमारी	का.पा.सदस्य	१००००	८३३५	१६५०
१४	प्रताप सिं तामाङ	वडा अध्यक्ष	१६०००	१३३३५	२६४०
१५	अमन राई	वडा सदस्य	७५००	६२५०	१२४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१६	टिका	वडा सदस्य	७५००	६२५०	१२४०
१७	जमुना राई	वडा सदस्य	७५००	६२५०	१२४०
१८	रेबिका रसाईली	का.पा.सदस्य	१००००	८३३५	१६४०
१९	देवेन्द्र राई	वडा अध्यक्ष	१६०००	१३३३५	२६५०
२०	भोलामान राई	वडा सदस्य	७५००	६२५०	१२४०
२१	मिलन कार्कि	वडा सदस्य	७५००	६२५०	१२४०
२२	शारदा राई	का.पा.सदस्य	१००००	८३३५	१६५०
२३	लक्ष्मि विश्वकर्मा	का.पा.सदस्य	१००००	८३३५	१६५०
२४	ईश्वर राई	वडा अध्यक्ष	१६०००	१३३३५	२६४०
२५	छत्र कुमार राई	वडा सदस्य	७५००	६२५०	१२४०
२६	सोनाम गेन्जो शेर्पा	वडा सदस्य	७५००	६२५०	१२४०
२७	अनिता दर्जि	वडा सदस्य	७५००	६२५०	१२४०
जम्मा					५१०२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**प्रोत्साहन भत्ता** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानिय सेवा गठन,सञ्चालन,व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्वन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन बमोजिम हुने,दफा ८६(२) बमोजिम स्थानिय सेवाको गठन,सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानिय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ।स्थानिय तहले सिलिचोङ गाँउपालिका कर्मचारीहरुको कार्यसम्पादन प्रोत्साहन कार्यविधि बनाई सुरु तलव स्केलको ४०प्रतिशत नवढ्ने गरी विभिन्न सुचक बनाई त्यसमा अंक दिई सोहि आधारमा कर्मचारी लाई प्रोत्सहन भत्ता वापत रु १७,४५,३०६ खर्च गरेको छ ।	
२६			**पदाधिकारी सुविधा :** प्रदेश न १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५, को दफा ३ मा स्थानीय पदाधीकारी, सदस्य र सभाका सदस्यहरुले अनुसुचि १ मा उल्लेख भए बमोजिमको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख छ । जस अनुसार पालिकाले स्थानीय पदाधिकारी तथा सदस्यहरुलाइ अनुसूची १ मा उल्लेख भए बमोजिम यस वर्ष रु ४५१३०००। खर्च लेखेको छ ।	
२७			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृतबेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८ योजना संचालन गरी १६६ जनालाई ८५ दिन देखि १०० दिन सम्मको पारिश्रमिक वापत रु. ९४,०४,५२३/-खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
२८			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले कृषकको नाम नामेसी सहितको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने तथा समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तथा पशु कार्यक्रममा उपलब्ध गराएको अनुदान सम्बन्धमा अध्यावधिक विवरण तयार गरी राखेको पाइएन । यसरी अभिलेख अद्यावधिक नहुँदा एकै फर्म तथा ब्यक्तिलाई पटक पटक अनुदान जाने सक्ने जोखिम हुने भएकोले पालिकाबाट अनुदान वितरण अभिलेख अद्यावधिक गरी समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाबाट यस वर्ष अनुदान प्रदान गरेको उदाहरण यस प्रकार रहेका छन्:	

गोश्वारा भौचर	अनुदानग्राहीको नाम	प्रयोजन	अनुदान रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६०-२०७९।३।२५</td><td>कालिका कृषि सहकारी संस्था</td><td>वंगुर पकेट क्षेत्र</td><td>५५४९८४</td></tr>
<tr><td>१११-२०७९।३।१४</td><td>याफू कृषक समूह</td><td>मकै पकेट समू</td><td>५७०८५०</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
शिक्षक दरबन्दि र पदपूर्ति
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>विभिन्न ३७ विद्यालय</td><td>१५३</td><td>१५३</td><td>९७</td><td>२५३७</td></tr>
</table>
उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा पालिकामा प्रति शिक्षक औषतमा १७ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको छ । सबै भन्दा बढी लालिगुँरास आधारभूत विद्यालयमा प्रति शिक्षक २७ जना विद्यार्थी र सबै भन्दा कम सिंहदेवी प्रा.वि. मा प्रति शिक्षक १ जना विद्यार्थी पढाउनुपर्ने देखियो । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दीको असमान वितरण भएको देखिदा पालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>शिक्षकको तलवी प्रतिवेदनः शिक्षक किताव खानावाट तलवि प्रतिवेदन पास गराई, अनुसूची १ अनुसारको फारम भरि शिक्षकहरुको तलब भत्ता चौमासिक माग बमोजिम निकासा दिनुपर्ने व्यवस्था छ। यस कार्यालयले पालिका भित्रका ३७ सामुदायिक विद्यालयहरुका लागि शिक्षकको तलवि प्रतिवेदन पास नगराई तलब भत्तामा रु. ६,९६,०७,८४३।- खर्च लेखेको छ। तोकिए बमोजिम तलवी प्रतिवेदन पास गराएर मात्र निकासा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>निजी श्रोत शिक्षक
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राजस्व बाँडफाँडबाट रु. ८४,७४,६१४ ।- भुक्तानी गरेको पाईयो । पालिकाको आन्तरिक आय कम रहेको अवस्थामा विकास निर्माण कार्यका लागि प्राप्त रकम तलव भत्तामा खर्च लेखेको उचित देखिएन ।	
३२			**नमूना विद्यालय अनुदान** कार्यक्रम कार्याक्रम पुस्तिका २०७८ अनुसार नमुना विद्यालयमा प्राप्त भौतिक पूर्वाधार निर्माण वापत रकमबाट निर्माण भइ कार्य सम्पन्न गरी तोकिए बमोजिमको ढाँचामा नापी किताव/कार्यसम्पन्न प्रतिवेदन लगायतको कागजात सहितको प्रतिवेदन स्थानीयत तहमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सगरमाथा माध्यमिक विद्यालयलाई नमुना विद्यालय अनुदान कार्यक्रम अन्तर्गत देहायबमोजिम रु १,५४,०५,०००/- निकासा गरेको छ । विद्यालयले लेखापरीक्षण अवधि सम्म पनि तोकिएको ढाँचामा प्रतिवेदन पेश नभएकोले उक्त अनुदानको कार्य प्रगति देखिएन । अनुदान रकमको तोकिएको ढाँचामा नापीकिताव/ कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु	१५,४०५,०००

भौचर नं	मिति	विद्यादयको नाम	विवरण	रकम
२१	२०७९।३।२५	सगरमाथा मावि	भवन निर्माण	१४४०५०००
१५	२०७९।३।२४	सगरमाथा मावि	ल्याव अनुदान	१००००००
			जम्मा	१५४०५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३		२०७९-६-५	**दिवा खाजा कार्यक्रम** कार्यक्रम कार्यान्वन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५/- का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने । सबै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष दिवा खाजा वापत २० विद्यालयलाई रु३१,८३,९१२/-भुक्तानी दिएको छ । कार्यान्वयन पुस्तिका बमोजिम केही विद्यालयहरुले प्रधानाध्यापक र विव्यास अध्यक्षबाट हाजिरी प्रतिलिपि प्रमाणित गरेको छैन। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट नियमित अनुगमन भएको देखिएन । कानून बमोजिम खर्चको उपलब्धि मापन गरी कार्यक्रमलाई फलदायि बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td>२०७९-६-५</td><td>औषधि व्यवस्थापन
निशुल्क वितरण हुने औषधिको प्राप्ती, उपयोग र मौज्दातको अवस्था सम्बन्धमा कार्यालयबाट खरिद भएका ५ प्रकारका औषधि परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।
<table>
<tr><th>औषधिको नाम</th><th>अ.ल्या.</th><th>पालिकाबाट खरिद</th><th>स्वास्थ्य कार्यालयबाट प्राप्त</th><th>जम्मा आम्दानी</th><th>खर्च</th><th>बाँकी मौज्दात</th></tr>
<tr><td>Paracetamol 500mg</td><td>९५००</td><td>५००००</td><td>१९५००</td><td>७९०००</td><td>६३०००</td><td>१६०००</td></tr>
<tr><td>Amoxycilin 500</td><td>८०००</td><td>१००००</td><td>१००००</td><td>२८०००</td><td>२३०००</td><td>५०००</td></tr>
<tr><td>Ciprofloxacine 500mg</td><td>५०००</td><td>५०००</td><td>१००००</td><td>२००००</td><td>१५०००</td><td>५०००</td></tr>
<tr><td>Ranididine 150 mg</td><td>१५०००</td><td>३००००</td><td>०</td><td>४५०००</td><td>३५०००</td><td>१००००</td></tr>
<tr><td>Cap. Calcium</td><td>२००००</td><td>६००००</td><td>०</td><td>८००००</td><td>७००००</td><td>१००००</td></tr>
</table>
औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time, maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्नु पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ ।

भण्डारमा मौज्दात रहेका निम्न ५ प्रकारका औषधिको Expiry date तथा निशुल्क वितरणको लोगो परीक्षण गर्दा निम्नानुसार पाइयो

<table>
<tr><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिति</th><th>निशुल्क वितरणको लोगो</th></tr>
<tr><td>Paracetamol 500mg</td><td>Nov 2023</td><td>नभएको</td></tr>
<tr><td>Ciprofloxacine 500mg</td><td>Aug 2023</td><td>नभएको</td></tr>
<tr><td>Ranitidine 150 mg</td><td>Aug 2023</td><td>नभएको</td></tr>
<tr><td>Cap. Calcium</td><td>July 2023</td><td>नभएको</td></tr>
<tr><td>Amoxycilin 500mg</td><td>Aug 2023</td><td>नभएको</td></tr>
</table>

पालिकाले निशुल्क वितरण गर्न खरिद गरिएका औषधिमा निशुल्क वितरणको लागि पहिचान खुल्ने लोगो लगाइएको पाइएन । लोगो नभएको औषधि वितरण गर्दा दुरुपयोग हुनसक्ने भएकोले निशुल्क वितरणको पहिचान खुल्ने लोगो उल्लेख गरेरमात्र वितरण गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
औषधि खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त रु. १५९६७५५।- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश देखिएन ।
आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।
औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने देखियो।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
विपद व्यवस्थापन कोष
विपद व्यवस्थापन तथा कोष संचालन कार्यविधि २०७५ को दफा १४ अनुसार राहत तथाउद्धार सम्बन्धि व्यवस्था अनुसार आकास्कि उद्धार तथा राहतको लागि त्रिपाल उद्धार सामाग्री औषधि लगायतका सामाग्री खरिद गरी गाउँ कार्यपालिकाले अनुमोदन गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष त्रिपाल तथा एच डि पि पाइप खरिद गरी रु ९४२९१५ खर्च गरेको छ । लेखापरीक्षण अवधि सम्म उक्त सामाग्री जिन्सी दाखिला भइ मौज्दात रहेको देखिन्छ। उक्त सामाग्रीको संचालन कार्यविधि बमोजिम उपयोग गरी वितरणको भरपाई र जडान भएको प्रमाण व्यवस्थित गरी राखिनु पर्दछ ।
<table>
<tr><td>सामाग्रीको नाम</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>त्रिपाल</td><td>२२० थान</td><td>४९८४१४</td></tr>
<tr><td>HDP पाइप विभिन्न mm को</td><td>४९०० मिटर</td><td>४४५०२१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९४३४३५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण कार्यक्रम
गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचलान निर्देशिका, २०७७ को परिच्छेद-४ को दफा २८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२)मा उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने, उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका लघु उद्यमीहरुलाई आवश्यक सामाग्री खरिद गरी रु ३१४३८०।— भुक्तानी भएको छ । निर्देशिकामा उल्लेख भए अनुसार रु ६२८६१/- लागत साझेदारी भएको देखिएन । उक्त रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>क्र.स.</td><td>सामाग्री बुझिलिने उद्यमीको नाम</td><td>वितरण गरिएको सामाग्रीको नाम</td><td>रकम</td><td>हुनपर्ने न्यूनतम लागत साझेदारी</td></tr>
<tr><td>१</td><td>मखमली ढाका समूह</td><td>ढाका बुन्ने तान सेट १० थान</td><td>१३१४४०</td><td>२६२८८</td></tr>
<tr><td>२</td><td>सिलिचोङ उद्यम विकास कुक समूह</td><td>ग्यास सिलिण्डर २ तथा मःम बनाउने भाँडो सेट ७</td><td>२८६००</td><td>५७२०</td></tr>
<tr><td>३</td><td>सिर्जनशील वाइरिङ समूह</td><td>हम्मर, स्कुडाइभर, हक्सो, मल्टिमिटर लगायतका सामाग्री</td><td>३०१००</td><td>६०२०</td></tr>
<tr><td>४</td><td>सिर्जनशिल सिलाई कटाइ समूह</td><td>सिलाई मेशिन</td><td>१२४०१४</td><td>२४८०३</td></tr>
<tr><td colspan="3">जम्मा रु</td><td>३१४१५४</td><td>६२८६१</td></tr>
</table></td><td>६२,८३१</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>फिर्ता गर्न बाँकी रकम
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १८ मा आर्थिक वर्ष ससमास भएको साता दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने, बैकसंग हिसाव मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने, सोही आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा संघीय संचित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष</td><td>१३,१७२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता रु ४४५७४३२४/- वितरण गर्दा वर्षान्तमा देहायको व्यक्तिहरुको लगत कट्टा गरी बाँकी भुक्तानी दिन क्रममा रु./- बैकमा बाँकी रहेको विवरण प्राप्त भएको छ । उक्त रकम फिर्ता गरी दाखिला हुनुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>खाता नं.</th><th>ल.क. भइ भुक्तानी पछिको रकम</th></tr>
<tr><td>१</td><td>मैति सरि राई</td><td>८४००५४०२००३०३</td><td>१४६७</td></tr>
<tr><td>२</td><td>मन कुमारी राई</td><td>८४००५४०२००७६८</td><td>१४१९</td></tr>
<tr><td>३</td><td>शारदा कुमारी राई</td><td>८४००५४०२०१०४७</td><td>४७८८</td></tr>
<tr><td>४</td><td>चन्दी राई</td><td>८४००५४०२०१२३९</td><td>५४९८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३१७२</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सामाजिक सुरक्षा
परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।
सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। **अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।	
४०			**लगत कट्टा पछि रकम भक्तानीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदाँ नं. ९ मा सामाजकि सुरक्षा भत्ता प्राप्त गर्ने योग्यता सम्बन्धमा व्यवस्था गरेको छ । साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्यक्तिको नाम हटाउने उपनियम ४ मा ऐन विपरित हेरी भत्ता लिएको पाइएमा असुल उपर गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा देहायका लाभग्राहीहरुको लगत कट्टी भएको मिति भन्दा पछि पनि भत्ता वितरण गरेको पाईयो । पालिकाले यस सम्बन्धमा यकिन गरी रकम असुल उपर गर्नुपर्ने रु	३५,५८०

क्र. नं.	व्यक्तिगत परिचय नं.	सदस्यको नाम	वडा नं.	लगत कट्टा मिति	बढी भुक्तानी रकम	कैफियत
१	1991040400706	प्रबि बहादुर राई	१	०९/२७/२०७८	१२०००	तेश्रो त्रैमासिक सबै भुक्तानी
२	1998010203754	बम बहादुर राई	१	०८/०९/२०७८	६८००	दोश्रो त्रैमासिकको सबै भुक्तानी
३	1987060700421	मन प्रसाद राई	१	०८/२४/२०७८	४८००	तेश्रो त्रैमासिकको सबै भुक्तानी
४	2045110701185	सुजता राई	१	१२/३०/२०७८	७९८०	चौथो त्रैमासिक सबै भुक्तानी
५	1990080600484	लाल बहादुर राई	४	२०७९-०२-३०	४०००	चौथो त्रैमासिक सबै भुक्तानी
				जम्मा रकम	३५५८०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७ मा कार्यालयमा प्राप्त भएको राजस्व सोहि दिन र सम्भव नभएमा भोलिपल्ट बैक दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौगोलिक विकटता जनाई पालिकाअन्तरगतका वडाहरु कार्यालयहरुलेअसार महिनामा मात्र दाखिला गरेको पाइयो । राजस्व समयमै दाखिला गर्नेतर्फ ध्यान जानु पर्दछ।	
४२			**सामुदायिक वनबाट प्राप्त गर्ने आय** स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना वनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । तर पालिकामा सामुदायिक वन उपभोक्ता समितिको विवरण प्राप्त भएन । कार्ययोजना स्वीकृत तथा वन पैदावार विक्री वापतको १० प्रतिशत रकम स्थानीय संचितकोष दाखिला भएको देखिएन । कानूनमा उल्लेख भए बमोजिम कार्यान्वयन गरिनुपर्दछ ।	
४३			**कर अनुमान र संकलनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत नगरीयस वर्ष एकमुष्ट आय रु. २४,५०,०००।-प्रक्षेपण गरेकोमा देहाय बमोजिम रु. २२४७६६१/-संकलन भएको जनाएको छ ।	

राजस्व उपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम रु.
११३१३ एकीकृत सम्पती कर	९०००००	०
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	५०००००	५९१३४३
११३२१ घरवहाल कर	६०,०००	१९,६८०
११६९१ अन्य कर	५०००००	४५६२९९
१४२४३ सिफारिश दस्तुर	१०००००	१८७८४५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>१०००००</td><td>९९२४९४</td></tr>
<tr><td>१४२४५ नाता प्रमाणित दस्तुर</td><td>५०,०००</td><td>०</td></tr>
<tr><td>१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>२४००००</td><td>०</td></tr>
<tr><td>१४६११ व्यवसाय कर</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>२४५००००</td><td>२२४७६६१</td></tr>
</table>
कार्यालयले शीर्षकगत
आय विवरण राखेको छैन। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>विविध खर्च –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिकआय र व्यय को परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. १४,९८,६५१खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्डः
प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्वन्धि निर्देशिका २०७५ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु४९१६४१ खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन। इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु ९८८,७४८खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी खर्च गपरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार कार्यलाई व्यवस्थित वनाउनु पर्दछ ।	
४७	२०४	२०७९-३-२२	**वृत्त चित्र निर्माण** सार्वजिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले आफ्नो क्षेत्र भित्रका गतिविधिहरु समेटिएको वृत्त चित्र निर्माण गर्न नागरिक चासो मल्टिमिडियासँग मिति २०७८/७/१५मा भएको सम्झौता अनुसार रु ४९३८१० भुक्तानी भएको छ। कानूनमा उल्लेख भए वमोजिम तोकिएको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको देखिन्दैन । लागत अनुमान तोकिएको नर्म्सका आधारमा तयार तथा स्वीकृत गरेर मात्र खर्च गर्नु पर्दछ ।	
४८			**भ्रमण खर्च :** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु१५१८१३५ ।भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ·अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको। · भ्रमण अभिलेख खाता तयार नगरी भ्रमण खर्च भुक्तानी गर्ने गरेको । ·स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>संपरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ.सो व्यवस्था अन्तरगत पालिकाले यस वर्ष देहाय बमोजिम संपरीक्षणको लागि अनुरोध गरेकोमा रु. ९७१९५२/- सम्परीक्षण गरिएको छ । सम्परीक्षणबाट उल्लेखनीय बेरुजू देखिएको छैन । यस वर्ष फछ्र्यौट भएको बेरुजूको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><td>आ.व.</td><td>दफा नं.</td><td>सम्परीक्षणको व्यहोरा र ठहर</td><td>संपरीक्षण रकम</td></tr>
<tr><td>२०७३/७४</td><td>२.१.१, २.२.१, २.३.१ र २.४.१</td><td>मोटरसाईकल सोझै खरिद नियमित भई पेश भएकोले संपरीक्षण भएको ।</td><td>९३९६००</td></tr>
<tr><td>२०७४/७५</td><td>२०</td><td>बढी भुक्तानी रकम असुल गरी दाखिला भएको प्रमाण पेश।</td><td>३२३५२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९७१९५२</td></tr>
</table>
</td><td></td></tr>
</table>